# २०८१ चैत २५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | वरिष्ठ पत्रकार तथा लेखक भैरव रिसालको संवत् २०८१ साल चैत २४ गते आइतबारका दिन ९७ वर्षको उमेरमा असामयिक निधन भएकोमा नेपाल सरकार गहिरो शोक प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति नेपाल सरकार हार्दिक समवेदना व्यक्त गर्दछ। | |
| २ | अर्थ मन्त्रालय | २०८१ चैत २८ र २९ गते काठमाडौंमा हुने नेपाल भारत भन्सार महानिर्देशकस्तरीय वार्ताका लागि भन्सार विभागका महानिर्देशकको संयोजकत्वमा वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी प्रदान गर्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८२ बैशाख २६ र २७ गते भुटानको थिम्पुमा आयोजना हुने 18th South Asia Power Secretaries Roundtable (PSRT) कार्यक्रममा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव (ऊर्जा) लाई स्वीकृति प्रदान गर्ने। |
| ४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत कार्यरत सहसचिव (प्रा.) श्री राजेन्द्र प्रसाद शर्माको राजीनामा स्वीकृत गर्ने। |
| ५ | गृह मन्त्रालय | गृह मन्त्रालय तथा मातहतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| ६ | रक्षा मन्त्रालय | नेपाली सेनाअन्तर्गत एक जनालाई महासेनानीबाट सहायक रथी दर्जामा बढुवा गर्ने, एक जनालाई सहायक रथीबाट उपरथी दर्जामा बढुवा गर्ने र एक जना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने। |
| ७ | वन तथा वातावरण मन्त्रालय | श्री रातो मच्छिन्द्रनाथको रथयात्रा (भोटो देखाउने जात्रा) र मिननाथ रथयात्राको लागि ६६५.९७ क्यू.फिट काठ गुठी संस्थानलाई उपलब्ध गराउने र उक्त वन पैदावारको हुन आउने राजश्व रोयल्टी मिनाहा गर्ने। |
| ८ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०८२ जेठ ४ गतेदेखि ७ गतेसम्म बेलायतको लन्डनमा हुने Education World Forum 2025 मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईलाई सहभागी हुन स्वीकृति दिने। |

## २०८१ चैत २५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको ब्यहोरा |
|---|---|---|
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | बौद्धनाथ क्षेत्र विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा श्री मोहन कुमार तामाङ, ललितपुरलाई नियुक्त गर्ने। |
| १० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | भागेश्वर गाउँपालिका, डडेल्धुराको केन्द्र वडा नं. ४ बगरकोटबाट परिवर्तन गरी वडा नं. ४ टप्वा कायम गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| ११ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८ खारेज गर्ने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८२ जेठ १५ गतेदेखि १७ गतेसम्म जापानको राजधानी टोकियोमा आयोजना हुने APT (Asia Pacific Telecommunity) Ministerial Meeting (APT-MM) मा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङलाई स्वीकृति दिने। |
| १३ | वैकल्पिक वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। | |